तीनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाम्पनटार, सिन्धुली
३ नं. प्रदेश, नेपाल
२०७४

आज मिति २०७४ साल पौष २२ गते शनिवारका दिन यस तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा तपसिलका उपस्थितिमा बसी तपसिलका प्रस्तावहरुमाथी छलफल गरियो।

उपस्थिति

१. श्री कर्ण बहादुर मगर – अध्यक्ष
२. श्री पदममाया तामाङ – सदस्य
३. श्री गोविन्द राउत – "
४. श्री हेम बहादुर श्रेष्ठ – "
५. श्री लाल बहादुर स्याङतान – "
६. श्री खड्ग बहादुर मुजेल – "
७. श्री दिनेश कुमार रमौली – "
८. श्री वीर बहादुर पुलामी – "
९. श्री कोमल बहादुर खपाङ्गी – "
१०. श्री रेखराज अधिकारी – "
११. श्री शेर बहादुर मगर – "
१२. श्री ठगहरि मुजेल – "
१३. श्री हितलाल श्रेष्ठ – "
१४. श्री दूध कुमारी ठकुरी – "
१५. श्री जगदिश्वर तोलङ्गी – "
१६. श्री देवमाया श्रेष्ठ – "
१७. श्री टेक बहादुर परीयार – "
१८. श्री भगवती कुमारी श्रेष्ठ – "
१९. श्री गीतामाया थापा मगर – "
२०. श्री सुरेन्द्र प्रधान – सदस्य सचिव

आमन्त्रित

१. श्री रामवेचन शाह स्वास्थ्य शाखा संयोजक
२. श्री प्रकाश यादव पशुसेवा " "

...पनटार, ...
३ नं. प्रदेश, नेपाल
२०७२

## प्रस्तावहरु :

१.न्यायिक समिति गठन सम्बन्धमा ।
२.विषयगत शाखा संयोजक छनौट सम्बन्धमा ।
३.विषयगत समिति गठन सम्बन्धमा ।
४.प्राविधिक कर्मचारीको विज्ञापन सम्बन्धमा ।
५.नदिजन्य श्रोत व्यवस्थापन सम्बन्धमा ।
६.कार्यालय सहयोगी कर्मचारी छनौट सम्बन्धमा ।
७.स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा ।
८.कार्यपालिकाको सदस्यको भत्ता सम्बन्धमा ।
९.संचार सुविधा सम्बन्धमा ।
१०.कार्यपालिकाको बैठक सम्बन्धमा ।
११.वडा समितिको बैठक सम्बन्धमा ।
१२.राहतको रकम सम्बन्धमा ।
१३.तारजालि, पोल, सिमेन्ट, होमपाईप र खानेपानी पाईप खरिद सम्बन्धमा ।
१४.पदाधिकारीको पोसाक सम्बन्धमा ।
१५.मोटरसाईकल खरिद सम्बन्धमा ।
१६. प्राबिधिक कन्सलटेन्सी सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा तपशिल बमोजिमको न्यायिक समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) पदम माया तामाङ - | संयोजक |
| (ख) गीता बोगटी - | सदस्य |
| (ग) फडिन्द्रनाथ अधिकारी - | सदस्य |

**निर्णय नं.२**

प्रस्ताब नं. २ माथि छलफल गर्दा तपशिल बमोजिमको विषयगत शाखाको संयोजक तपशिल बमोजिम छनौट गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. सामान्य प्रशासन शाखा - | दिनेश कुमार रमौली |
| २.राजश्व तथा आर्थिक प्रशासन शाखा - | लाल बहादुर स्याङतान |
| ३.पूर्वाधार विकास तथा भवन नियमन शाखा - | वीर बहादुर पुलामी |
| ४.आर्थिक बिकास शाखा - | कोमल बहादुर खपाँङ्गी |
| ५.सामाजिक विकास शाखा - | रेखराज अधिकारी |
| ६.योजना अनुगमन तथा तथ्यांक शाखा- | टेक बहादुर परियार |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपशिल बमोजिमको विषयगत समिति गठन गर्नका लागि तपशिल बमोजिमको समितिका संयोजक छनौट गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. सार्बजनिक सेवा तथा क्षमता विकास समिति- | संयोजक- | खड्ग बहादुर भुजेल |
| २.आर्थिक विकास समिति - | संयोजक- | हितलाल श्रेष्ठ |
| ३.सामाजिक विकास समिति- | संयोजक- | हेम बहादुर श्रेष्ठ |
| ४.पूर्वाधार विकास समिति- | संयोजक- | जगदिश्वर तोलाङ्गी |
| ५.बातावरण तथा विपद व्यबस्थापन समिति- | संयोजक- | पुण्यहरी भुजेल |
| ६. विधेयक समिति - | संयोजक- | गोबिन्द बहादुर राउत |

**निर्णय नं.४**

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा प्राविधिक कर्मचारीको आवश्यक भएकोले तपशिल बमोजिमको पदको प्राविधिक कर्मचारीहरुको मिति २०७४।०९।२८ गतेको मितिमा १५ दिने बिज्ञापन प्रकाशित गर्ने निर्णय गरियो ।

तपशिल

१. IT Officer – १ जना

२. सिभिल ईञ्जिनियर- १ जना

३. सव ईञ्जिनियर - १ जना

४. अ.स.ई. - १ जना

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका अन्तर्गत रहेका बिभिन्न खोला तथा नदिहरुको ढुङ्गा तथा बालुवा उत्खनन् तथा संकलनका लागि प्रारम्भीक वाताबरणिय परिक्षण (IEE) को प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका भित्र रहेका तपशिलका वडा कार्यालयहरुमा कार्यालय सहयोगी पद रिक्त रहेकोले उक्त रिक्त कार्यालय सहयोगी पदको बिज्ञापन गरि वडा कार्यालयले छनौट गरि २०७४।१०।०१ गते बाट लागु हुने गरि गाउँपालिकाको कार्यालयमा नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरियो साथै गाउँपालिकाको कार्यालयमा आबश्यक भएको कार्यालय सहयोगी पदको बिज्ञापन गरि गाउँपालिकाको कार्यालयबाट छनौट गर्ने निर्णय गरियो ।

तपशिल

१. वडा नं. ५, १० र ११

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको वडा नं. २, ४, र १० मा कुनैपनि किसिमको स्वास्थ्य संस्था नरहेकोले यसै गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुबाट कर्मचारी मिलान गरि उक्त वडाहरुमा कम्तिमा १/१ जना अ.न.मी. तथा अ.हे.व. काजमा पठाई कार्य संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस तीनपाटन गाउँकार्यपालिकाको बैठक महिनामा २ (दुई) पटक बस्ने र बैठकमा आउदा जाँदा यातायात खर्च रु. ५००।- खाजा खर्च रु. २००।- र बैठक भत्ता रु. १०००।- को नियमानुसार कर कट्टा गरि २०७४ साल श्रावण महिना देखिनै लागु हुने गरि भुक्तानी दिने उक्त बैठकमा सदस्य सचिब लाई बैठक भत्ता र खाजाखर्च मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताब नं. ९ माथि छलफल गर्दा यस तीनपाटन गाउँ कार्यपालिकाको पदाधिकारीहरु लाई संचार खर्च १/१ थान पोष्टपेर्ड सिमकार्ड, रु. १५००। सम्मको १/१ थान मोवाईल सेट र तपशिल बमोजिमको संचार खर्च उपलब्ध गराउने निर्णय गरियो साथै वडा नं. ६, ७, ८, ९, र २ लाइ अरु सिम नलाग्ने भएकाले स्काई सेट र सिम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

१.अध्यक्ष/उपाध्यक्ष - मासिक रु. २०००।-

२.वडा अध्यक्ष - मासिक रु. १०००।-

३.कार्यापालिका सदस्य - मासिक रु. ५००।-

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस कार्यपालिकाको बैठक प्रत्येक महिनाको १० गते र २५ गते बैठक बस्ने निर्णय गरियो । उक्त मितिमा सार्बजनिक विदा परेमा बिदा समाप्त भएको भोलिपल्ट नियमित बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा वडा समितिको बैठक महिनाको १३ र २८ गते् बस्ने निर्णय गरियो आवश्यक परेमा अन्य समयमा समेत बैठक बस्न सक्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं.१२ माथि छलफल गर्दा विभिन्न समयमा हुनसक्ने बिपद् बाट पिडित परिवार लाई तत्काल राहत कार्यका लागि तपशिलका प्रकोप पिडितलाई तपशिलका दरले राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| १. घर आगलागि | रु. १००००।- |
| २. गोठ आगलागि | रु. ५०००।- |
| ३. मानबिय क्षेति | रु. १५०००।- |

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको गाउँसभाबाट तारजालि, पोल, सिमेन्ट, होम पाईप, खानेपानी पाईप, खरिदगरि वितरण कार्यका लागि रु. ३०,००,०००।- रकम विनियोजन भएकोमा उक्त रकम बाट् खरिद समितिले सामान खरिद गरि वडा कार्यालय बाट निबेदन माग गरि मागको आधारमा कार्यपालिकाको बैठकले निर्णय गरि उक्त सामान बितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४**

प्रस्ताव नं.१४ माथि छलफल गर्दा गाउँसभाबाट ९ वटा मोटर साईकल खरिद कार्यका लागि रकम विनियोजन भएको र हालका दिनमा १२ वटा मोटर साईकल खरिद गर्नुपर्ने भएकाले ३ वटा मोटरसाईकल खरिद कार्यका लागि नपुग रकम म्याचिङफण्डमा रहेको रकम बाट रु. ७,५०,०००।- रकमान्तर गरि खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा गाउँसभा बाट ९ वटा मोटरसाईकल खरिद कार्यको लागि रकम बिनियोजन भएको र हालका दिनमा १२ वटा मोटरसाईकल खरिद गर्नुपर्ने भएकाले ३ वटा मोटरसाईकल खरिद कार्यको लागि नपुग रकम म्याचिङ फण्डमा भएको रकम बाट रु ७५००००।-रकमान्तर गरि चार पाङ्ग्रे सवारी साधन र मोटरसाईकल खरिदगर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.१६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएको योजनाहरुको लागत अनुमान कार्यकोलागि गाउँपालिकाको प्राविधिक कर्मचारी पदपुर्ति नभए सम्मका लागि सेवा करारमा लिई लागत अनुमान परामर्श दाता नियुक्त गरि गराउने भनि गाउँकार्यपालिकाको बैठकले निर्णय गरेकोले ५० वटा योजना तथा कार्यक्रमहरुको लागत अनुमान कार्य के कति दरमा गर्न सक्नुहुन्छ ? जनशक्ति सहितको बिबरणको प्रस्ताब ३ दिन भित्र यस गाउँपालिकामा पेश गर्नुहुन अनुरोध गर्ने निर्णय गरियो ।